# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ८** **सङ्ख्या : ७** **मिति : २०८१ पौष २२**

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१ पौष २१**

**प्रमाणीकरण मिति : २०८१ पौष २२**


## भाग-२

### सुन्दरहरैँचा नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

सुन्दरहरैँचा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको २/१३१ औं कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना:** कृषकले उत्पादन गरेका कृषि उपजहरूलाई उपयुक्त तापक्रम र सापेक्षित आर्द्रता भएको कक्षमा निश्चित समयसम्म भण्डारण गरी बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानीलाई कम गरी कृषकको आम्दानी बढाउने उद्देश्यले सुन्दरहरैँचा नगरपालिकाले निर्माण गरेको शीत भण्डार गृहको प्रभावकारी सञ्चालन, दिगो व्यवस्थापन तथा नियमनको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "सुन्दरहरैँचा नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ख) "उपप्रमुख" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न जिम्मेवारी तोकिएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) "कानून" भन्नाले सङ्घीय कानून, प्रदेश कानून र स्थानीय कानूनलाई सम्झनु पर्दछ।

(ङ) "नगर कार्यपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यविधि" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

(छ) "कृषि उपज" भन्नाले कृषकहरूले उत्पादन गरेका फलफूल, तरकारी तथा पशुपन्छीजन्य उत्पादन घ्यू, नौनी, चिज, मासु आदि जस्ता उत्पादित वस्तुहरूलाई सम्झनु पर्दछ।

(ज) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न कृषक उद्यमी तथा व्यवसायीलाई सम्झनु पर्दछ।

(झ) "नगरपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनु पर्दछ।

(ञ) "नगर सभा" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ट) "पदाधिकारी" भन्नाले सुन्दरहरैँचा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य समेतलाई सम्झनु पर्दछ।

(ठ) "संघ" भन्नाले सङ्घीय संरचनाको सबैभन्दा माथिल्लो सरकारको रूपमा रहेको सङ्घीय सरकारलाई सम्झनु पर्दछ।

(ड) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ।

(ढ) "स्थानीय तह" भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनु पर्दछ।

(ण) "विषयगत शाखा" भन्नाले सुन्दरहरैँचा नगरपालिकामा कृषि तथा पशुपन्छी क्षेत्रको विकासका लागि तोकिएको शाखा/उपशाखा/इकाई तथा सिकाई केन्द्रलाई जनाउँदछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि सुन्दरहरैँचा नगरपालिकामा स्थापना भएका शाखा वा इकाई समेतलाई जनाउँदछ ।

(त) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विषय हेर्ने नेपाल सरकारको सङ्घीय मन्त्रालयलाई सम्झनु पर्दछ । यस शब्दले कृषि तथा पशुपन्छी विषय हेर्ने कोशी प्रदेशको मन्त्रालयलाई समेत जनाउँदछ ।

(थ) "योजना" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

(द) "वडा" भन्नाले सुन्दरहरैँचा नगरपालिकाका सम्पूर्ण वडालाई सम्झनु पर्दछ ।

(ध) "वडा अध्यक्ष" भन्नाले सुन्दरहरैँचा नगरपालिकाका वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(न) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको सुन्दरहरैँचा नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(प) "सदस्य" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर सभा र नगर कार्यपालिकाको सदस्यलाई सम्झनु पर्दछ । सो शब्दले नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, आर्थिक विकास समितिका संयोजक र सो समितिका सदस्यहरूलाई समेत जनाउँदछ ।

(फ) "समिति" भन्नाले यस कार्यविधिमा व्यवस्था भए अनुसारको समिति, सुन्दरहरैँचा नगरपालिकामा गठन भएको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन समिति र आर्थिक विकास समितिलाई जनाउँदछ ।

(ब) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### ३. शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापनका लागि संस्थागत संरचनाः

(क) शीत भण्डार गृह सञ्चालन गर्दा नगरपालिकाले सूचना प्रकाशन गरी इच्छुक कृषि सहकारी/प्राइभेट कम्पनी/बजार सञ्चालन समिति/कृषि समूह/व्यक्ति/निजी फर्महरू तथा संस्थाबाट आवेदन लिई सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्न सक्नेछ ।

(ख) सुन्दरहरैँचा नगरपालिकाले आफ्नो क्षेत्रको आवश्यकता र प्राथमिकता अनुसार आफ्नो क्षेत्रभित्र कृषिजन्य उत्पादन क्षेत्रको विस्तार गर्दै समग्र विकास, बजारीकरण तथा भण्डारण गर्न सङ्घीय समानीकरण अनुदान र सुन्दरहरैँचा नगरपालिकाको ५० प्रतिशत लागत साझेदारीमा निर्माण भएको २०० मेट्रिक टन क्षमताको शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन गर्न एक समिति गठन गरिनेछ ।

(ग) खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट भएको संस्था/व्यक्ति/कम्पनी/निजी फर्महरूले निर्धारण गरे बमोजिमको शुल्क लागु हुनेछ ।

(घ) शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन समिति देहाय बमोजिमको हुनेछ ।

देहायः

१. नगर प्रमुख– संयोजक
२. नगर उप-प्रमुख– सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत– सदस्य
४. आर्थिक विकास समितिका संयोजक– सदस्य
५. शीत भण्डार गृह रहेको वडाका वडाध्यक्ष– सदस्य

६. नगर प्रमुखले तोकेको महिला कार्यपालिका सदस्यहरू मध्ये १ जना– सदस्य

७. नगरपालिका अन्तर्गत रहेका सहकारी संस्था/सामाजिक संस्था/बजार सञ्चालन समिति/अनुभवी कृषकहरू मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना प्रतिनिधि– सदस्य

८. पशुपन्छी प्रवर्धन उपशाखा प्रमुख– सदस्य

९. कृषि प्रसार उपशाखा प्रमुख– सदस्य सचिव

(ङ) शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार विषय विशेषज्ञ वा कृषि सम्बन्धी ज्ञान र सीप भएका व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद-३

### ४. शीत भण्डार गृह सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्वः

(१) संस्थागत सुदृढीकरण कार्यः

(क) शीत भण्डार गृह सञ्चालन तथा परिचालनः शीत भण्डार गृह सञ्चालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने तथा कृषकहरूको बाली तथा वस्तु सहज र सुफत मूल्यमा भण्डारण गर्ने व्यवस्था मिलाउन सुझाव दिने तथा सो कार्यका लागि सहजीकरण गर्ने।

(२) कृषि थोक तथा खुद्रा व्यापार प्रवर्धनः

(क) सुन्दरहरैँचा नगरपालिकाद्वारा कृषिजन्य उत्पादनको थोक तथा खुद्रा व्यापार प्रवर्धन गर्ने नीति लिइने तथा यसमा प्रदेश र सङ्घीय सरकारको प्राविधिक तथा आर्थिक सहयोग समेत जुटाउने व्यवस्था गर्ने।

(ख) कृषकले उचित मूल्य पाउने र उपभोक्तालाई पनि सर्वसुलभ मूल्यमा उपभोग गर्न पाउने नीति तर्जुमा गरी लागु गर्ने।

(ग) नगरपालिका क्षेत्रमा खाद्यान्न, फलफूल तथा तरकारी उत्पादनलाई बजारीकरण गर्न हाटबजार, चिस्यान केन्द्र, शीत भण्डार गृह निर्माण तथा सञ्चालन गरी राष्ट्रिय/अन्तर्राष्ट्रिय निकासीको व्यवस्था समेत गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय बजारसँग आबद्ध गराउने व्यवस्था गर्ने।

(घ) दफा २ (ग) बमोजिमका कार्यहरू सरकारी क्षेत्रबाट मात्र सम्भव नहुने हुँदा सरकारी, निजी र वित्तीय क्षेत्रसँगको समन्वय र साझेदारीमा यस्ता कार्य अगाडि बढाउन नेपाल सरकार र प्रदेश सरकारसँग समेत सहजीकरणका लागि नगरपालिका मार्फत समन्वय गर्न आवश्यक व्यवस्था गर्ने।

(३) कृषि उत्पादन क्षेत्रको विकास र प्रवर्धनात्मक कार्यः

(क) तरकारी, दलहन तथा मसला खेतीको प्रवर्धन र विकासका लागि पहल गर्ने,

(ख) फलफूल खेतीको प्रवर्धन र विकासका लागि आवश्यक कार्यहरू गर्ने,

(ग) खाद्य संरक्षण तथा भण्डारणको व्यवस्थापनका लागि आवश्यक कार्यहरू गर्ने।

(४) जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्थाः शीत भण्डार गृहमा कृषिजन्य वस्तु भण्डारण गरेपछि कृषकले फिर्ता नलिएसम्म कृषिजन्य वस्तुको जिम्मेवारी शीत भण्डार गृह सञ्चालक (खुल्ला प्रतिस्पर्धाबाट छनौट भएको संस्था/व्यक्ति/कम्पनी/निजी फर्म) को हुनेछ। कुनै कारणवश मालसामान क्षति हुन गएमा सञ्चालकले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनुपर्ने छ। शीत भण्डार गृह सञ्चालकले भण्डारण गरिएका सामग्रीहरूको बिमा लगायतका सुरक्षणका उपायहरू अपनाउनु पर्नेछ।

५. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा व्यवस्था भएका विषयहरू यसै कार्यविधि र उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

६. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक व्यवस्थापन गर्न तथा बाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले,**
**विनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र